श्री

☎ ०९१-५२११३०

# कैलाली जिल्ला अदालत

## धनगढी, कैलाली

प्रशासन शाखा

पत्र संख्या:- ०७७/०७८
चलानी नं :-

सूचना । सूचना ।। सूचना।।।

कोरोना भाईरसको नयाँ भेरिएन्ट विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा पनि यसको प्रकोप वढी रहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागी नेपाल सरकार सम्वद्ध निकायबाट जारी भएको निषेधाज्ञा तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८/१/१४ गतेको प्रेस विज्ञसी समेतका आधारमा यस अदालतबाट प्रवाह हुने सेवामा मिति २०७८/०१/१५ को यस यस अदालतको पुर्ण वैठकवाट मिति २०७८/०१/१६ देखि संकुचन ल्याइ त्यसैलाई निरन्तरता दिइ आएकोमा हाल निषेधाज्ञा केही खुकुलो भएको तर निषेधाज्ञा पुर्ण रुपमा खुली नसकेको अवस्थामा मिति २०७८/०३/०६ गते देखी पुर्व प्रकाशित सूचनामा उल्लिखित सेवा यथावत प्रवाह गरिने र सो वाहेक देहाय बमोजिमका थप सेवा प्रवाह गर्ने सम्वन्धमा यस अदालतको मिति २०७८/३/१ गतेको पूर्ण वैठकबाट देहायका सेवा संचालन गर्ने निर्णय भएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

1. मुद्दा फिर्ता, डिसमिस र तामेली।
2. मुद्दा पुर्पक्षको क्रममा प्रतिवादीहरु थुनामा रहेका, नेपाल सरकार वादी भएका मुद्दाहरुको सुनुवाई गर्ने।
3. बाल ईजलासवाट हेरिने मुद्दाहरु।
4. मौलिक हक र कोभिडसँग सम्वन्धित निवेदनहरु एवं सोही प्रकृतिका अन्य निवेदनहरु।
5. २०७८/०१/१६ भन्दा अगाडी म्याद तारिख गुजारी थाम्ने थमाउने म्याद तारिख समेत समाप्त भएका सरकारवादी फौजदारी मुद्दाहरूको सुनुवाइ गर्ने।
6. मुद्दामा सरोकारवाला व्यक्ति वाहेक अन्यलाई अदालत प्रवेशमा रोक लगाउने।

२०७८/३/१